भोटखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हटिया, संखुवासभा ।

कोशी प्रदेश, नेपाल ।

पत्र संख्या :२०८०/८१

च नं. ३२४

मिति : २०८०/११/०१

**<u>विषय:- कर्मचारी विज्ञापन टाँस/प्रकाशन गरिएको सम्बन्धमा।</u>**

प्रस्तुत विषयमा तहाँ परिषदको च.नं ३६ मिति २०८०/१०/२६ गतेको पत्रबाट यस कार्यालयलाई तहाँ कार्यालयबाट आदिवासी जनजाति योजना कार्यन्वयनको लागि करार सेवामा कर्मचारी नियुक्ति कार्यविधि २०८० को परिच्छद २ को दफा ५ बमोजिम गठित पदपुर्ति समितिको मिति २०८०/१०/२५ बसेको बैठकको निर्णय अनुसार मिति २०८०/११/०१ गतेबाट १५ दिने विज्ञापन प्रकाशित गर्ने निर्णय भएकोले उक्त वज्ञापनलाई तहाँ कार्यालयबाट यस कार्यालयको सूचना पाटिमा र वेवसाइटमा प्रकाशित गरि राखिदिन लेखि पठाएको सोहि बमोजिम कर्मचारीको विज्ञापन टाँस/प्रकाशन गरिएको ब्यहोरा अनुरोध छ।

**<u>बोधार्थ</u>**

श्री अपर अरुण जलविधुत्त आयोजना आदिबासी जनजाति सल्लाहकार परिषद्,
भोटखोला -४ गोला, संखुवासभा।

उमेश कुमाल
सूचना प्रविधि अधिकृत

स्वच्छ र सक्षम निजामति प्रशासन : समिद्धि र सुशासन
clean and Capable Civil Administration :Prosperity and Good governance
इमेल : bhotkholamun@gmail.com,contact.9852086530,वेवसाईट.www.bhotkholamun.gov.np.

पान नं ६१९२८७४४३

दर्ता नं ११

अपर अरुण जलविधुत आयोजना आदिबासी जनजाती सल्लाहकार परिषद

Upper Arun Hydro-Electric Project Adibasi Janajati Advisory Council

भोटखोला ४ गोला, संखुवासभा

# करार सेवा सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८०। ११।०१ गते

यस परिषदले अपर अरुण हाइड्रोइलेक्ट्रिक कम्पनी/अपर अरुण जलविधुत आयोजनाको आर्थिक सहयोगमा सचालित आदिवासी जनजाति योजना कार्यन्वयन गर्नको लागि अपर अरुण जलविधुत आयोजना आदिबासी जनजाती सल्लाहकार परिषद अन्तरगत तपसिलको पदहरुमा खुल्ला प्रतिस्पर्धाद्वारा करारसेवामा नियुक्ति गर्नु पर्ने भएकोले सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क. स. | विज्ञापन न | पद, सेवा, समुह, उप समुह | तह | पद संख्या | आबश्यक न्युनतम योग्यता | उमेरको हक |
|---|---|---|---|---|---|---|
| १ | २०८०/०८१ (प्रा-७) | इन्जिनियर/ प्राविधिक/सिभिल | ७ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरमा स्नातक तह उतिर्ण गरेको ।साथै मान्यता प्राप्त निकायमा २ बर्षको कार्य अनुभव भएको । | २१ वर्ष देखि ४५ वर्षसम्म |
| २ | २०८०/०८१ (प्रा-५) | सब इन्जिनियर/ प्राविधिक/सिभिल | ५ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरमा प्रमाणपत्र तह वा डिप्लोमा तह उतिर्ण गरेको ।साथै मान्यता प्राप्त निकायमा २ बर्षको कार्य अनुभव भएको । | २१ वर्ष देखि ४५ बर्षसम्म |
| ३ | २०८०/०८१ (प्र-५) | सुपरभाइजर / विविध | ४ | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा १०+२ उतिर्ण गरेको ।साथै मान्यता प्राप्त निकायमा १ बर्षको कार्य अनुभव भएको । | १८ बर्ष देखि ३५ बर्षसम्म |
| ४ | २०८०/०८१ (प्र-५) | कार्यालय सहयोगी /प्रशासन/ विविध | श्रेणी विहिन | १ | साधारण लेखपढ गर्न जान्ने | २१ वर्ष देखि ४५ बर्षसम्म |

पान नं ६११२८७४४३ दर्ता नं ११

# अपर अरुण जलविद्युत आयोजना आदिवासी जनजाती सल्लाहकार परिषद

## Upper Arun Hydro-Electric Project Adibasi Janajati Advisory Council

भोटखोला ४ गोला, संखुवासभा

## करार सेवा सम्बन्धी सुचना

दृष्टव्य

१. उक्त पदहरुमा इच्छुक नेपाली नागरिकहरुबाट सुचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र आवश्यक विवरणहरु सहितको दरखास्त परिषदको इमेल वा कार्यालयमा कार्यालय समय भित्रमा पठाउनु पर्नेछ । दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न गरि पेश गर्नु पर्नेछ । साथै रित नपुगी, म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु तथा दखास्त दिने प्रक्रिया :
हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति, व्यक्तिगत विवरण (CV), शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी (चारित्रिक प्रमाणपत्र, प्रोभिजनल सर्टिफिकेट तथा ट्रान्सक्रिप्ट, नेपाली नागरिकताको प्रतिलिपी, बिदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारहरुले सम्बन्धित निकायबाट स्तर निर्धारण एवं मान्यता प्राप्त गरेको प्रमाणपत्र र सम्बन्धीत क्षेत्रमा कार्य गरेको अवधि खुल्ने कार्यानुभवको प्रमाणित प्रतिलिपी, सम्बन्धित विषयको तालिम प्रमाणपत्रको प्रतिलिपी), दरखास्त दस्तुर बुझाएको भौचर स्क्यान कपी तथा दरखास्त दिन चाहेको पद खुल्ने गरि हस्त लिखित निवेदन सहितको विवरण pdf फायल (फायलको साइज15MB भन्दा नबढ्ने गरी) परिषदको Email: ajacbhot10@gmail.com मा पठाउन सक्नेछ। साथै परिषदको कार्यालयमा भौतिक उपस्थितिमा पनि खरखास्त दिन सकिनेछ । इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र अन्तरवार्तामा सम्मिलित गराइनेछ ।

४. सम्पादन गर्नुपर्ने काम तथा अन्य शर्तहरु सम्झौत्ता बमोजिम हुनेछ ।

५. सेवा तथा सुविधा परिषदको नियमानुसार हुनेछ ।

६. दरखास्त दस्तुर : तह ७ को लागि रु १२००।–, तह ५ को लागि रु ८००।-, तह ४ को लागि रु ७००।- श्रेणी विहिनको लागि रु ५००।–, लक्ष्मी सनराइज बैंक लिमिटेड, खादबारी शाखा, खाता नं. १४०११०००२४५ र खातावालको नाम: अपर अरुण जलविद्युत आयोजना आदिवासी जनजाति सल्लाहकार परिषद मा बुझाउनु पर्नेछ ।

७. परिक्षाको मिति तथा स्थान : परिषदको सुचना पाटी वा कम्पनीको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

८. करार अवधि: १ बर्ष

९. छनौट प्रक्रिया : अन्तरबार्ता तथा प्रस्तुतीकरण

१०. कार्य गर्नु पर्ने स्थान: अपर अरुण जलविद्युत आयोजना आदिवासी जनजाति सल्लाहकार परिषदको कार्यालय, भोटखोला गाउपालिका वडा न ४ गोला, र आयोजनाको प्रभावित क्षेत्रहरु ।

सदस्य सचिव
पदपुर्ति समिति